नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागमा विभिन्न मितिमा प्राप्त गुनासो व्यवस्थापनको लागि आकस्मिक (र्‍यापिड रेस्पोनस् मोडालिटिमा) बजार अनुगमन निरीक्षण गर्ने क्रममा गुनासोमा उल्लेख गरे अनुसारको खाद्य व्यवसायको मिति २०८३/०४/२१ मा अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | व्यवसाय/खाद्य पदार्थको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | **निर्देशन / कारबाही** |
|---|---|---|---|
| १. | श्री बेस्ट क्वालिटी फ्रेश फुड लच्छा परोठा च.न.पा.-१५, काठमाडौं | • लच्छा पराठाको लेबलमा कुनै समिश्रण (Ingredients) उल्लेख नभएको भनेर उजुरी प्राप्त अनुसार अनुगमन गर्ने क्रममा उक्त खाद्य पदार्थको लेबलमा समिश्रण उल्लेख गरिएको<br>• उद्योगले दुई (२) प्रकारका लच्छा पराठा उत्पादन गर्ने गरेको पाइएको जसमा एउटा प्रकारमा मैदा प्रमुख कच्चा पदार्थ र अर्को प्रकारमा आँटा प्रमुख कच्चा पदार्थको रुपमा प्रयोग गरेको पाइएको र उद्योगले प्रत्येक उत्पादनको लेबलमा स्पष्ट रुपमा उल्लेख गरेको पाइएको<br>• सरसफाइ सामान्य रहेको<br>• कीट नियन्त्रणको व्यवस्था अपर्याप्त रहेको पाइएको। | • खाद्य स्वच्छता कायम राख्न निर्देशन दिइएको<br>• कीट नियन्त्रणको लागि थप व्यवस्था गर्न र झ्याल/ढोकामा जाली लगाउन निर्देशन दिइएको<br>• Exhaust को थप व्यवस्था गर्न निर्देशन दिइएको<br>• थप अनुसन्धानका लागि दुई (२) थान लेबल संकलन गरिएको। |
| २. | हिमाल मिनरल वाटर उद्योग प्रा. लि., चन्द्रागिरी न.पा.-१२ काठमाडौं | • बोतलको पानी भित्र फोहोर देखिएको भनेर प्राप्त उजुरी अनुसार अनुगमनको क्रममा भण्डारणमा भएका केहि बोतल खोलेर हेर्दा आँखाले कुनै पनि फोहोर तथा बाह्य पदार्थ नभेटिएको<br>• उद्योगमा प्रयोग भएका केहि जार इम्बोशिंग तथा स्क्रिन प्रिन्ट गर्न चालु गरे पनि सबै जारमा नभएको पाइएको<br>• उद्योगमा एक (१) लिटर बोतल बनाउने मेसिन (blowing machine) रहेको पाइएको। | • प्रशोधित पिउँने पानी उत्पादन मापदण्ड सम्बन्धी निर्देशन, २०७४ बमोजिम कार्य गर्न निर्देशन दिइएको<br>• बोतल तथा जारको इम्बोसिंग तथा स्क्रिन् प्रिन्ट प्रक्रिया अगाडी बढाएको भएता पनि सम्पूर्ण जार तथा बोतलमा गर्न निर्देशन दिइएको |

| | | | |
|---|---|---|---|
| | | | • थप अनुसन्धानका लागि बोतलको पानीको नमूना संकलन गरिएको। |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः दुई (२) वटा** | | | |

डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०४/२२

<u>**अनुगमनका केहि झलकहरु:**</u>

















Semi-auto Blow Moulding Machine